# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

## हार्दिक शुभकामना

नेपालीहरुको महानपर्वहरु वडादशैं, शुभ दिपावली, म्हः पूजा, नेपाल सम्वत् ११४४ तथा छठ पर्वको उपलक्ष्यमा देश विदेशमा रहनु भएका सम्पूर्ण नागरिक तथा यस चन्द्रकोट बासी आमा, बुवा, दाजु-भाई, दिदी-बहिनीहरुमा हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं।

नेपालले परम्परागत रुपमा मनाउदै आईरहेका धार्मिक तथा साँस्कृतिक चाड-पर्वहरुले हाम्रो समाजलाई एकतावद्ध बनाउदै आत्मियता, आपसी भाईचारा एवम् परस्पर रुपमा हितकारी बनाउन महत्वपूर्ण भुमिका खेलेका छन्। धर्म एवम् संस्कृति हाम्रा पहिचान र सभ्यता हरु हुन्, परम्परागत संस्कृति एवम् सभ्यता हामी नेपालीका विशेष पहिचाहन समेत भएको हुँदा चन्द्रकोट गाउँपालिका भित्रको विविधतामा एकता, अनुकरण योग्य संस्कृति, सभ्य संस्कार, सद्भाव, आत्मयता, बन्धुत्वको भावना र सहिष्णुताले भरीपूर्ण गाउँपालिकाको रुपमा रहेको छ। सामाजिक एकता तथा सद्भावले नै नागरिकहरुको अपेक्षा अनुरुप यस चन्द्रकोट गाउँपालिकाले आफ्नो सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सामाजिक रुपमा सकारात्मक परिवर्तन, आर्थिक तथा साँस्कृतिक विकास गर्न सहज वातावरण सृजना प्रदान गरेको छ। हामीले हाम्रो यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको सामाजिक, साँस्कृतिक र पारिवारिक एकता एवम् बन्धुत्वको भावनाले नै सवल एवम् सक्षम चन्द्रकोट सुखी चन्द्रकोट बासीको अभियानमा सफल हुने अपेक्षा राखेका छौं। हाम्रा महान पर्वहरुले हामीलाई अझै प्रगाढ रुपमा एकतावद्ध बनाउँदै यस पालिकाको समृद्धिको यात्रामा निरन्तर सहयात्रा गर्न सधै प्रेरणा मिल्ने कुरामा विश्वस्त छौं। सवल र सक्षम गाउँपालिका निर्माणमा यहाँहरुको हरेक समयमा हुने साथ सहयोगले महत्वपूर्ण भुमिका खेल्दछन्। हामी नेपालीको पहिचाहनका रुपमा स्थापित यी महान पर्वहरुलाई आत्मियता साटासाट गर्दै सौहार्दपूर्ण वातावरणमा तडकभडक नगरी शान्त एवम् मर्यादित रुपमा मनाउनु हुन सम्पूर्ण गाउँपालिकाबासी आम नागरिकहरुमा अनुरोध गर्दै यहाँहरुको उत्तरोत्तर प्रगती, उन्नती, सुस्वास्थ, दिर्घायु र समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

*मिति: २०८० कार्तिक ०३ गते।*

(प्रकाश चन्द्र शर्मा)
नि.प्रमुख प्रशासकीय अधिकृत

(विष्णु प्रसाद भण्डारी)
उपाध्यक्ष

(युवराज खत्री क्षत्री)
अध्यक्ष